# अल्पकालिन महिला सुरक्षित आवास गृह संचालन कार्यविधि, २०८१

प्रस्तावनाः

लैङ्गिकताको आधारमा विभाजन गरिएको भूमिका तथा जिम्मेवारी र असमान शक्ति सम्बन्धको कारणले हुने लैङ्गिक हिंसा विरुद्द शुन्य सहनशीलताको नीति अवलम्वन गर्न अछाम जिल्लामा घरेलु तथा लङ्गिक हिंसाबाट प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि आवश्यक प्रकृया निर्धारण गरी अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन गर्न वाञ्छनिय भएकाले,

नगर कार्यक्षेत्र भित्र र अछाम जिल्लाका अन्य सबै क्षेत्रबाट घरेलु तथालैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई तत्काल संरक्षण गरि सुरक्षित आवास, स्वास्थ्य उपचार र मनोसामाजिक परामर्श गर्न अल्पकालिन महिला सुरक्षित आवास गृहको टडकारो आवश्यकता भएकोले मंगलसेन नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छद -१
## प्रारम्भिक

### १. संक्षिप नाम र प्रारम्भः

(१) यस कार्यविधिको नामः "अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मंगलसेन नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२०८१।४।१६

पदम बहादुर बोहरा
नगर प्रमुख

# अल्पकालिन महिला सुरक्षित आवास गृह संचालन कार्यविधि, २०८१

प्रस्तावनाः

लैङ्गिकताको आधारमा विभाजन गरिएको भूमिका तथा जिम्मेवारी र असमान शक्ति सम्बन्धको कारणले हुने लैङ्गिक हिंसा विरुद्द शुन्य सहनशीलताको नीति अवलम्बन गर्न अछाम जिल्लामा घरेलु तथा लैङ्गिक हिंसाबाट प्रभावित महिला तथा बालवालिकाको उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि आवश्यक प्रकृया निर्धारण गरी अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन गर्न वाञ्छनिय भएकाले,

नगर कार्यक्षेत्र भित्र र अछाम जिल्लाका अन्य सबै क्षेत्रबाट घरेलु तथालैङ्गिक हिंसामा परेका महिला तथा बालवालिकाहरुलाई तत्काल संरक्षण गरि सुरक्षित आवास, स्वास्थ्य उपचार र मनोसामाजिक परामर्श गर्न अल्पकालिन महिला सुरक्षित आवास गृहको टडकारो आवश्यकता भएकोले मंगलसेन नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छद -१
## प्रारम्भिक

### १. संक्षिप नाम र प्रारम्भः

(१) यस कार्यविधिको नामः "अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मंगलसेन नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२०८१।२।३

पदम बहादुर बोहरा
नगर प्रमुख

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आवास गृह" भन्नाले दफा ५ बमोजिम स्थापना तथा संचालन भएका हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि सञ्चालित अल्पकालिन महिला सुरक्षित आवास गृहलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मंगलसेन नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ग) "सम्प्रेषक" भन्नाले यस कार्यविधि बमोजिम हिंसाबाट प्रभावित महिला तथा बालबालिकालाई उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि आवास गृहमा प्रेषण गर्ने निकाय वा व्यक्ति सम्झनु पर्छ ।

(घ) "घरेलु हिंसा" भन्नाले घरेलु हिंसा, कसुर र सजाय ऐन २०६६ अन्तर्गतको घरेलु सम्बन्ध भित्र शरीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षती वा पिडा पुर्याउने कार्य सम्झनु पर्छ ।

(च) "समन्वय तथा निर्देशन समिति" भन्नाले यस कार्यविधि दफा ६ बमोजिमको गठित समितिलाई सम्झनु पर्छ।

(छ) "संचालन तथा व्यवस्थापन समिति" भन्नाले कार्यविधिको दफा ८ बमोजिमको गठित समितिलाई सम्झनु पर्छ ।

(ज) "प्रभावित" भन्नाले हिंसाबाट प्रत्यक्ष रुपमा पीडामा परेका र हिंसाबाट प्रभावित भएका महिला तथा बालबालिका सम्झनु पर्छ ।

(झ) "स्थानीय सेवा प्रदायक" भन्नाले अल्पकालिन सुरक्षित आवास गृह संचालन गर्न प्रस्ताव गरी छनौट भएको संस्थालाई बुझ्नु पर्दछ ।

(ञ) "एकद्वार संकट केन्द्र (OCMC)" भन्नाले जिल्ला अस्पताल अछाममा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र सम्झनु पर्दछ।

पदम बहादुर बोहरा
नगर प्रमुख

(ट) "महिला र बालिका" भन्नाले लैङ्गिक हिंसा पिडित/प्रभावित वा लैङ्गिक हिंसामा पर्न सक्ने जोखिममा रहेका महिला र बालिकाको हकमा १८ वर्ष उमेर सम्मका हिंशा पिडित बालिका वा लैङ्गिक हिंसामा पर्न सक्ने जोखिममा रहेकावालिका सम्झनु पर्छ।

## परिच्छेद -२

## आवास गृहको उद्देश्य र कार्यक्षेत्र

### ३. आवश गृह सञ्चालनको उद्देश्यः

यस कार्य विधि बमोजिम सञ्चालन हुने आवास गृहको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

(क) लैङ्गिक हिंसाबाट प्रभावित तथा लैंगिक हिंसाको जोखिममा रहेका महिला तथा बालवालिकाको उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी परामर्श तथा उपचार जस्ता प्रतिकार्य सेवाका लागि सहयोग उपलव्ध गराई पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्ने,

(ख) लैङ्गिक हिंसा संम्वन्धि घट्नाहरुलाई न्यायिक प्रकृयामा लैजान पहल गर्ने,

(ग) लैंगिक हिंसा विरुद्ध सामाजिक जागरण र सचेतना अभिवृद्दी गर्ने ।

(घ) आवास गृह संयुक्त रुपमा जिल्ला सदरमुकाममा रहने गरि सदरमुकाभमा अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालनमा ल्याईने ।

स्पष्टिकरणः प्रभावित बालकलाई आवास गृहमा राख्दा उक्त केन्द्रमा आश्रित महिला तथा बालिकाहरुलाई जोखिम हुन सक्ने अवस्थामा उक्त प्रभावित बालकलाई छुट्टै कोटामा राखी विशेष सावधानी तथा सुरक्षा सतर्कता अपनाउनु पर्नेछ ।

### ४. कार्यक्षेत्रः

आवास गृहको कार्यक्षेत्र अछाम जिल्लाका दश वटै स्थानीय तह सम्म हुनेछ।

पदम बहादुर बोहरा
नगर प्रमुख

५. आवास गृहको सञ्चालनः

(१) मंगलसेन नगरपालिकाले दफा ३ को उद्देश्य पुर्ति गर्नका लागि अल्पकालिन महिला सुरक्षित आवास गृहको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अल्पकालिन महिला सुरक्षित आवास गृहको सञ्चालन तथा व्यवस्थापनको लागि नगरपालिकाले संघ, प्रदेश, जिल्लाका दश वटै नगरपालिका, गाउँपालिका, जिल्ला समन्वय समिति र गैर सरकारी संघ संस्था संग समन्वय गर्न सक्नेछ।

## परिच्छेद -३

## समिति सम्बन्धी व्यवस्था

### ६. समन्वय तथा निर्देशक समितिः

(क) आवास गृहबाट प्रवाह हुने सेवा प्रवाहलाई सरल, सहज वनाई प्रभावितको शीघ्र उद्दार व्यवस्थापन एवम् आवश्यक समन्वय, श्रोत व्यवस्थापन गर्न, सहजिकरण र दिशानिर्देशन गर्न देहाय बमोजिमको एक समन्वय तथा निर्देशन समिति रहनेछ;

१. पालिका प्रमुख/अध्यक्ष - अध्यक्ष

२. पालिका प्रमुख/उपाध्यक्ष - सदस्य

३. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि - सदस्य

४. प्रमुख प्रशासकीय अधिकृतहरु – सदस्य

५. जिल्ला प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको व्यक्ति – सदस्य

६. जिल्ला अस्पताल प्रमुख – सदस्य

७. जिल्ला सरकारी वकिल कार्यालय प्रमुख - सदस्य

८. सामाजिक विकास कार्यालय प्रमुख – सदस्य

९. जिल्ला वार एसोसिएसन अध्यक्ष - सदस्य

१०. पत्रकार महासँघ अध्यक्ष – सदस्य

११. गैसस महासँघ अध्यक्ष – सदस्य

पदम बहादुर बोहरा
नगर प्रमुख

१२. अल्पकालिन महिला सुरक्षित आवास गृह रहेको पालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

(ख) समितिको वैठकको अध्यक्षता यो कार्यविधि प्रारम्भ भएपछी प्रथम वैठक अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) रहेको पालिका प्रमुखले पहिलो र तत्पश्चात पालिकाको नामको वर्णानुक्रम अनुसार पालैपालो अध्यक्षता गर्नेछन ।

(ग) समन्वय तथा निर्देशक समितिको वैठक आपसी समन्वयमा पालैपालो तत् तत् पालिकाले आफ्नो मुकाममा आयोजना गर्न सकिने छ ।

(घ) समितिमा तत् तत् पालिकाका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुखहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ङ) समितिमा जिल्ला स्थित जिल्ला समन्वय प्रमुख/उप-प्रमुख, प्रमुख जिल्ला अधिकारी, साझेदार संस्था तथा अन्य निकायका प्रमुख वा प्रतिनिधीलाई आमन्त्रण गर्न सकिने छ ।

(च) समितिको वैठक कम्तिमा छ महिनामा एकपटक बस्नेछ तर समितिले आवस्यक ठहरायमा जुनसुकै वेला वैठक सञ्चालन गर्न वाधा पर्ने छैन।

## ७. समन्वय तथा निर्देशक समितिको काम कर्तव्यः

(१) लैङ्गिक हिंसाविरुद्धका प्रतिकारात्मक प्रवद्र्धनात्मक, उपचारात्मक तथा पुनस्थापना सम्वन्धी कार्यहरू गर्न आवासगृह संचालन तथा व्यवस्थापन समितिलाई नीतिगत सल्लाह सुझाव तथा निर्देशन दिने।

२) अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालनको मापदण्ड तोकिए वमोजिम भए नभएको अनुगमन गरी आवश्यक परेको मापदण्ड निर्धारण गर्ने ।

३) अल्पकालिन महिला सुरक्षित आवास गृहको अनुगमन गरी आवश्यक सल्लाह तथा निर्देशन दिने।

४) अल्पकालिन महिला सुरक्षित आवास गृह सञ्चालनका लागि आवस्यक वित्तीय स्रोतको व्यवस्थापनमा सहयोग गर्ने।

५/८/२०८१

पदम बहादुर बोहरा
नगर प्रमुख

८. आवास गृह संचालन तथा व्यवस्थापन समितिः

(१) अल्पकालिन महिला सुरक्षित आवास गृह व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम एक सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ:

(क) अल्पकालिन महिला सुरक्षित आवास गृह रहेको पालिकाको उप-प्रमुख/उपाध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) जिल्ला कानूनी सहायता समितिको अध्यक्ष - सदस्य

(घ) एकद्वार संकट व्यवस्थापन केन्द्र सम्पर्क व्यक्ति - सदस्य

(ङ) महिला वालवालिका सेवा ईकाई प्रमुख (जिल्ला प्रहरी कार्यालय) - सदस्य

(च) साझेदार संस्थाहरु मध्य कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

(छ) वडा अध्यक्ष (आवास गृह संचालन रहेको वडा) - सदस्य

(ज) अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) रहेको पालिकाको कानून शाखा प्रमुख - सदस्य

(झ) अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) रहेको पालिकाको महिला वालबालिका तथा समाजकल्याण शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा अछामका सबै नगरपालिकाका/गाउँपालिकाका उप-प्रमुख/उपाध्यक्षहरु पदेन सदस्यको रुपमा रहनेछन।

(३) समितिमा आवस्यकता अनुसार साझेदार संघ संस्था तथा अन्य निकायका प्रमुख एवम् प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको वैठक आवस्यकता अनुसार बस्न सक्नेछ तर हरेक ३/३ महिनामा कम्तिमा एक पटक वस्नेछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

९. आवास गृह संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:

दफा ७ बमोजिम गठित संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;

(क) अल्पकालिन महिला सुरक्षित आवास गृह मार्गदर्शन, समन्वय र संरक्षण गर्ने,

(ख) लैङ्गिक हिंसा पिडित तथा प्रभावित महिला र वालवालिकाहरुलाई आवस्यकताका आधारमा अल्पकालिन महिला सुरक्षित आवास गृहमा वस्ने व्यवस्था मिलाउने,

(ग) आवास गृहबाट प्रदान हुने सेवाको सुनिश्चितताका लागि थप आर्थिक स्रोतको व्यवस्था गर्ने,

(घ) अल्पकालिन महिला सुरक्षित आवास गृहसँग सम्वन्धित सबै संस्था व्यक्ति र समूहले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्ने,

(ङ) लैङ्गिक हिंसा पीडित वा प्रभावित व्यक्तिहरूलाई थप सेवा एवम् पुनस्थापना गर्नुपरेमा स्थानीय, प्रदेश तथा केन्द्रीय तहमा समन्वय गर्ने र व्यवस्था मिलाउने ।

(च) अल्पकालिन महिला सुरक्षित आवास गृहको बारेमा अभिमुखिकरण गर्ने र चौमासिक रुपमा आवास गृहको कार्य प्रगति एवम् समस्यहरुका बारेमा छलफल तथा जानकारी गराउने ।

(छ) एकद्धार संकट व्यवस्थापन केन्द्र, जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला अदालत, जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ लगायत अन्य सरोकारवालाहरु संग समन्वय एवं सहकार्य गर्ने ।

(ज) लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित बालिका/किशोरीहरूलाई शिक्षाका लागि जिल्ला स्थित निकायहरूसंग समन्वय गरी व्यवस्था मिलाउने ।

(झ) आवास गृहबाट सम्पादित कार्यहरूको नियमित अनुगमन र समीक्षा गरी समस्याको समाधान गर्ने।

(ञ) संघ, प्रदेश सामाजिक विकास मन्त्रालय एवम् स्थानीय तहसँग समन्वय गरी आवश्यक स्रोत जुटाई सुरक्षित आवास गृह सञ्चालन गर्ने, ।



पदम बहादुर बोहरा
नगर प्रमुख

(ट) स्थानीय तहको न्यायिक समितिसँग निकटतम समन्वय गरी काम गर्ने।

(ठ) सुरक्षित आवास गृहको सुरक्षा व्यवस्थाको अनुगमन नियमन कार्य गर्ने ।

(ड) महिला, किशोरी र बालबालिकाको स्वास्थ्य, सुरक्षा र कानूनी सहायता सम्बन्धी सहयोगको व्यवस्था मिलाउने ।

(ढ) लैङ्गिक हिंसा पिडित तथा प्रभावित महिला, किशोरी तथा बालबालिकाहरुलाई आवस्यक सीप बिकासका लागि तालिमको लागि समन्वय गरी व्यवस्था मिलाउने ।

(ण) आवास गृह सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।

(त) अति विपन्न हिंसा प्रभावितहरुको पहिचान गरि व्यवसाय स्थापनाका लागि वस्तुगत अनुदान उपलब्ध गराउन सम्बन्धित मन्त्रालय समक्ष सिफारिस गर्ने ।

(थ) आवास गृह संचालन सम्बन्धी आय-व्यय चुस्त दुरुस्त राख्ने व्यवास्था मिलाउने ।

(द) मन्त्रालय र समन्वय तथा निर्देशन समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने गरिएको मासिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय तह मार्फत सम्बन्धित निकायमा पठाउने ।

(ध) आवास गृहमा आएका जटिल केस र मामिलाको समन्वय प्रभावितक केन्द्रित दृष्टिकोण आवालम्वन गरि व्यवस्थापन गर्ने ।

(न) हिंसा प्रभावितहरुको अवस्था पहिचान गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि व्यवस्था मिलाउने ।

(प) सुरक्षित आवास गृह सञ्चालन व्यावस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगतीको प्रतिवेदन नगरपालिकामा प्रत्येक तिन/तिन महिनामा नगरकार्यपालिकालाई बुझाउने व्यवस्था मिलाउने । आर्थिक वर्ष समाप्त भएपछी उपलब्ध बजेट र खर्चको व्यहोरा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

(फ) जोखिममा रहेका हिंसा पिडीत महिला किशोरी र बालबालिकाहरु अन्य स्थानमा पठाउनु पर्ने आवश्यकता भएमा सिफारिस गर्ने ।

पदम बहादुर बोहरा
नगर प्रमुख

(ब) अन्य काम कर्तव्य र अधिकार नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(भ) यातायात खर्च, स्वास्थ्य उपचार, सुरक्षा र कानूनी सेवा उपलब्ध गराउने लगायत सरोकारवालाहरुसंग सम्पर्क समन्वय गर्ने ।

(म) सहयोगी संस्थासंग सम्पर्क, समन्वय, सहकार्य र प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद ४
## सेवा सम्बन्धी व्यवास्था

**१०. प्रदान गरिने सेवाहरु:**

(१) दफा ५ बमोजिम स्थापना र सञ्चालन हुने आवास गृहमा संरक्षित महिला तथा बालबालिकालाई निजको अवस्था अनुसार देहायका सेवा सुविधा प्रदान गरिनेछ;

(क) उपचारात्मक सेवा,

(ख) मनोसामाजिक परामर्श,

(ग कानूनी परामर्श

(घ) कानून कार्यान्वयन गर्ने निकायहरुसंग समन्वय तथा सम्पर्क सेवा

(ङ) जिल्ला अस्पताल वा एकद्वार संकट बाट प्राप्त अन्य सेवा,

(च) सीप विकास सम्बन्धी तालिम तथा वीउ पुजिको व्यवस्था,

(छ) संचालक तथा व्यस्थापन समितिले तोकेका अन्य सेवा।

**११. सेवा लिने प्रक्रिया:**

लैंगिक हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरुलाई आवास गृहले सेवा प्रवाह गर्दा देहायका प्रकियाहरु अपनाउनु पर्नेछ;

(क) अनुसूची -१ बमोजिमको ढाँचामा प्रभावितको निवेदन संकलन गर्ने। यदि प्रभावित व्यक्तिले निवेदन लेख्न नसक्ने भएमा आवास गृहका कर्मचारीले निवेदन लेखिदिनु पर्नेछ,

पदम बहादुर बोहरा
नगर प्रमुख

(ख) निवेदनसाथ आवास गृहको कार्य क्षेत्र भित्रका स्थानिय तह, प्रहरी कार्यालय, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), समुदयस्तरीय मनोसामाजिक कार्यकर्ताको (CPSW) प्रेषण वा अन्य आधिकारिक निकायको पत्र संलग्न राख्नुपर्नेछ,

(ग) सम्प्रेषकको तर्फबाट आवास गृहमा प्रभावित व्यक्तिलाई पठाउदा कुन कुन सेवाका लागि हो सो कुरा जनाउनुपर्नेछ र प्रभावित महिलासँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्नेछ,

(घ) सम्प्रेषण गर्दा प्रभावित व्यक्तिलाई एक्लै नपठाई एकजनाको साथमा पठाउने र गम्भीर

चोटपटक लागेको भए दुईजनासम्म साथमा लिएर पठाउनु पर्नेछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरण समेत सम्प्रेषण गर्दा खुलाउनु पर्नेछ,

## १२. सेवा प्रदान गरिने अवधिः

(१) आवास गृहमा सेवा लिन आउने हिंसा प्रभावित महिलालाई वढिमा ४५ दिनसम्म खान, वस्त्र तथा कपडा को लागि व्यवस्था गर्न सकिनेछ,

(२) आवास गृहले सेवा लिन आउने महिलाको अवस्था अनुसार निःशुल्क स्वास्थ्य उपचार, न्यायिक प्रक्रियामा सहयोग पुर्याउने र सल्लाह दिने, मनोसामजिक परामर्श तथा पुनर्स्थापनाको कार्य र मन्त्रालय तथा समितिले तोकेका अन्य कार्यहरु समेत गर्नुपर्नेछ,

(३) ४५ दिनसम्म प्रभावितको व्यवस्थापन हुन नसकेमा संचालन तथा व्यवस्थापन समितिलाई जानकारी गराई १५ दिन थप गरी ६० दिनसम्म आवास सकिनेछ, गृहमा राख्न सकिने छ ।

(४) ६० दिनसम्म पनि केन्द्रमा राख्दा पनि जटिल केश व्यवस्थापन हुन नसकेमा अनुगमन तथा व्यवस्थापन समितिले निर्णय गरेर थप दिन राख्न सकिने छ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

१३. सेवा र खर्चको मापदण्डः

यस कार्यविधि बमोजिम सेवा उपलब्ध गराउँदा देहायका क्षेत्रमा देहाय बमोजिमको मापदण्ड अपनाउनुपर्नेछः

(क) कानूनी उपचारः (१) प्रभावित महिलाले न्याय न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचार तथा चाहेको सेवा तथा प्रचलित कानून बमोजिम हक प्राप्त गर्न आवश्यक कानूनी सेवा तथा परामर्श उपलव्ध गराईने छ ।

(२) हिंसा प्रभावितहरुको कानूनी उपचारका लागि सरकारी वकिल कार्यालय, कानूनी सहायता समिति, वैतनिक वकिल मार्फत कानूनी उपचारको बन्दोवस्त मिलाउनुपर्नेछ। यस माध्यमबाट कानूनी उपचार गर्न सम्भव नभई निजी कानून व्यवसायी व्यवस्थापन गर्नु परेमा बढीमा पाँच हजार रुपैया खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) बाहेक सवारी साधनको भाँडा वापत आते जाते लागेको बिल बमोजिमको खर्च ।

(४) सुरु तहको अदालतमा उपदफा (१) बमोजिमको रकम खर्च भईसकेको अवस्थामा प्रभावितले मुद्दा हारी पुनरावेदन गर्नुपर्ने परिस्थिति सिर्जना भएको र सोको लागि वैतनिक वकिल तथा निःशुल्क कानूनी सहायता प्राप्त हुन नसकेको अवस्थामा पुनरावेदन तहमा निजी कानून व्यवसायी राखी थप रु. दश हजार रुपैया खर्च दिन सकिनेछ ।

(५) न्यायिक प्रकृयाको सिलसिलामा न्यायिक निकायको आदेशको परिक्षण गर्नुपर्ने सबै प्रकारका परिक्षणमा लागेको यथार्थ खर्च।

(६) वेवारिसे हिंसा प्रभावित वालवालिकाको उमेर यकिन गर्न उमेर जाँच गराउनुपर्ने अवस्थामा उमेर चेकजाँच गर्न अस्पतालमा लागेको खर्च ।

(७) कानूनी परामर्शदाता आवश्यक परेको वखत उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

पदम बहादुर बोहरा
नगर प्रमुख

(८) माथि जुनसुकै कुरा उल्लेख गरियता पनि खर्च उपलव्ध गराउँदा नेपाल सरकारले तोकेको निःशुल्क उपलव्ध सेवा बाहेकका सेवाहरुको लागि मात्र उपलव्ध गराईनेछ।

(ख) भोजनः केन्द्रमा रहेको अवधिभर प्रति हिंसा प्रभावित व्यक्तिका लागि दैनिक तीन सय रुपैयासम्मको खाना तथा खाजा वापत खर्च गर्न सकिनेछ। दैनिक खानेकुरामा देहाय वमोजिमका खानेकुराहरु समावेश गराउनुपर्नेछ ।

(क) बिहान चियासंगै हल्का खाजा

(ख) दिउँसो खाना,

(ग) अपरान्ह खाजा;

(घ) बेलुकी खाना,

(ङ) मांसाहारीका लागि सातामा २ पटक

(च) माछामासु तथा साकाहारीका लागि दुध, दहि फलफूल।

(छ) बालबालिकाको हकमा तोकिएको खर्च सिमामा आवश्यक खानाको व्यवस्था हुनुपर्नेछ ।

(ज) शुद्ध खाने पानीको व्यवस्था ।

(झ) विशेष अवस्थाका लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुका लागि आवस्यकताका आधारमा व्यवस्था मिलाईने छ।

(ग) लत्ता कपडाः (१) आवास गृहमा भर्ना भएका प्रत्येक व्यक्तिका लागि आवश्यक ओढ्ने, विछ्यौना र लत्ता कपडा नभएकालाई एकसरो लगाउने लुगा र एकजोर चप्पलको समेत व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्था गर्दा केन्द्रमा रहेको अवधिभर प्रति प्रभावितका लागि आवश्यक्ता हेरी मौसम अनुसार लत्ता कपडाको लागि चार हजार रुपैयासम्म खर्च गर्न सकिनेछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

(घ) **मनोसामाजिक परामर्शः** स्थानीय तह, निर्देशक समितिले निर्धारण गरेको योग्यता हासिल गरेका मनोसामाजिक परामर्शकर्ताबाट देहाय बमोजिमका मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्नेछः

(१) हिंसा प्रभावित प्रति व्यक्ति वा आश्रीत बालबालिकाहरुका लागि आवश्यक विशिष्ट मनोसामाजिक परामर्श सेवाका लागि तिन हजार रुपैंया ननाघ्ने गरी खर्च गर्न सकिने ।

(२) मनोसामाजिक परामर्शकर्ता आवश्यक परेको वेला उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) संरक्षित व्यक्तिलाई प्रत्येक हप्तामा नियमित १ पटक सेवा, प्रभावित व्यक्तिको मनोगत अवस्था अनुसार थप सेवा र सेवाग्राहीको व्यक्तिगत विवरणको गोपनियता कायम राख्नु पर्नेछ ।

(ङ) **स्वास्थ्य उपचारः** (१) आवास गृहमा प्राथमिक उपचार तथा नियमित चेकजाँच, आकस्मिक उपचार, गर्भवती, सुत्केरी तथा स्तनपान गराईरहेका महिलाहरु तथा संरक्षित बालबालिकाहरुको लागि नियमित खोप तथा चेकजाँचको व्यवस्था हुनुपर्नेछ ।

(२) हिंसा प्रभावितलाई एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन गरीरहेको अस्पताल वा नजिकको स्वास्थ्य संस्थाबाट आवश्यक स्वास्थ्य उपचार गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) निशुःल्क उपचार हुन नसक्ने अवस्थामा समितिको निर्णयानुसार लागेको खर्च एंव जिल्ला बाहिर प्रेषण गर्नुपर्ने भएमा यातायात खर्च समेत गर्न सकिनेछ ।

(च) **पुर्नस्थापना तथा पारिवारिक पुर्नमिलनः** सुरक्षित आवास गृहमा बसेका हिंसा प्रभावित महिलाहरु तथा उनीहरुका बालबालिकाहरुको अवस्था हेरी देहाय बमोजिम परिवार तथा समुदायमा पुर्नमिलन तथा पुर्नस्थापना गराउनेछ;

(१) सुरक्षित आवास गृहमा रहेका महिलाहरुको घर परिवारको पहिचान गरी पुर्व पारिवारिक लेखाजोखा पश्चात पारिवारिक पुर्नमिलन गराउनेछ।

पदम बहादुर बोहरा
नगर प्रमुख

(२) पारिवारिक पुर्नमिलन गराउँदा परिवारका सदस्यहरुलाई आवश्यक मनोविमर्श, परामर्श तथा सहजीकरण गरिने छ।

(३) सुरक्षित आवास गृहमा रहेका महिला तथा बालबालिकाहरुलाई आफ्नो घरपरिवार तथा आफ्नो समुदायमा पुर्नस्थपित हुनको लागी उत्प्रेरणा प्रदान गर्नेछ र उक्त पुर्नस्थापनाको प्रक्रिया प्रभावितको अनुमति लिएर मात्र गर्नेछ।

(४) प्रभावित महिलाको पुर्नस्थापित जीवनलाई सहज वनाउन सम्भव भएसम्म स्थानीय संघ संस्थाहरुसंग सम्पर्क समन्वय गराउन सहजीकरण गरिने छ। सुरक्षित आवास गृहले पुर्नस्थापित महिलाहरुको फलोअप आवश्यकता अनुसार अनिवार्य रुपमा गर्नेछ।

(५) यी सबै प्रक्रियाहरुको अभिलेखिकरण गोपनीयता कायम राख्दै पुर्नस्थापना तथा जीविकोपार्जन कार्य गरिने छ ।

## परिच्छेद-५

## जनशक्ति व्यवस्थापन

**१४. कर्मचारी संख्याः**

(१) आवास गृह सञ्चालनका देहाय बमोजिम दरवन्दी विवरण रहनेछ;

(क) आवास गृह संयोजक/ईञ्चार्ज – १ जना

(ख) मनोविमर्श कर्ता – १ जना

(ग) वार्डेन – १ जना

(घ) गार्ड – १जना

(ङ) भान्छे – १ जना

(२) नगरकार्यपालिकाकाले आवास गृह व्यवस्थापन समितिको सिफारिसमा नगरपालिको १ जना कर्मचारीलाई आवास गृह सम्पर्क व्यक्तिको रुपमा तोक्न सक्नेछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

१५. कर्मचारीहरुको योग्यता:

आवास गृहमा रहने पदहरुको योग्यता देहायबमोजिम हुनेछ;

(क) मनोविमर्श कर्ता: महिला, मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तथा वा सो सरह उतिर्ण गरेको, मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको मनोविमर्श तालिम लिएको, प्रचलित कानून बमोजिम बमोजिम अयोग्य नठहरिएको नेपाली नागरिक ।

(ख) वार्डेन: महिला, मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी वा सो सरह उतिर्ण गरेको, मान्यता प्राप्त संस्थाबाट कम्तिमा १० दिनको मनोविमर्श तालिम लिएको, प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको नेपाली नागरिक ।

(ग) गार्ड - महिला, मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी वा सो सरह उतिर्ण गरेको, उपलब्ध भए सम्म मान्यता प्राप्त संस्थाबाट कम्तिमा ७ दिनको मनोविमर्श तालिम लिएको, प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको नेपाली नागरिक ।

१६. कर्मचारी पदपुर्ति:

(१) व्यवस्थापन समितिले रिक्त रहेको पदमा कर्मचारी पदपुर्तिको लागि नगर कार्यपालिकालाई अनुरोध गर्नेछ।

(२) नगरकार्यपालिकाले स्रोतको सुनिश्चित गरि कर्मचारीको पदपूर्तिको लागि मंगलसेन नगरपालिकाको पदपूर्ति समितिलाई अनुमति प्रदान गर्नेछ ।

(३) मंगलसेन नगरपालिकाको पदपूर्ति समितिले विज्ञापन गरि पदपुर्ति गरि नगरपालिकालाई सिफारिस गर्नेछ।

(४) यसरी नियुक्त कर्मचारीलाई एक पटक ६ महिनाका लागि सेवा करारमा नियुक्ति गरिनेछ, उक्त कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा म्याद थप गर्न सक्नेछ।

(५) आवास गृहका कर्मचारीलाई दातृ निकाय संग समझदारी अनुसार वा नगरपालिकाले स्वीकृत गरेको तलब स्केल बमोजिम पारिश्रमिक प्रदान गर्नुपर्नेछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

(६) जनशक्ती चयन गर्दा विगतमा आवास गृहमा काम गरिरहेका महिलाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद - ६
## कोष सम्बन्धी व्यवस्था

१७. कोषः

(१) आवास गृह सञ्चालन तथा व्यवस्थापनको लागि एक कोप रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्;

(क) नगरपालिकाले आवास गृह सञ्चालन तथा व्यवस्थापनको लागि विनियोजन गरेको रकम,

(ख) संघ र प्रदेश सरकार तथा अन्तर्गतका कार्यालयहरुबाट प्राप्त अनुदान रकम,

(ग) अन्य नगरपालिका/गाउँपालिका बाट प्राप्त अनुदान रकम,

(घ) साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त रकम ।

(३) उपदफा (२) रकम नगरपालिकाको विविध कोप खातामा प्राप्त गरि सोही खाताबाट बाट भुक्तानी गरिनेछ ।

(४) कोपको संचालनः अल्पकालिन सुरक्षित आवास गृह रहेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा कोपको खाता संचालन गरिनेछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

## परिच्छेद-७

## भवन तथा भौतिक मापदण्ड

**१८. भवन:**

(१) आवास गृहकको आफ्नै भवन हुनेछ।

(२) उपदफा (१) बमाजिम आफ्नै भवन नभएको अवस्थामा सम्भव भए सम्म सरकारी भवनमा निशुल्क रुपमा आवास गृह सञ्चालन गर्नका लागि नगरपालिकाकाले आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भवन उपलब्ध हुन नसक्ने भएमा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरि घर भाडामा लिन सक्नेछ ।

(४) आवास गृहको भवन देहाय बमोजिम हुनेछ;

(क) पर्याप्त हावा र प्रकाश भएको, झ्यालहरू भएको कोठाको व्यवस्था,

(ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट,

(ग) प्रभावित बालबालिका लागि छुट्टै बालमैत्री कोठा,

(घ) कार्यालय सञ्चालनका लागी आवश्यक सामाग्री,

(ङ) शौचालय, स्वान गृह, पर्याप्त पानी,

(च) सरसफाईका सामाग्री, भान्सामा प्रयोग हुने आवश्यक भाँडाकुडा

(छ) आवश्यक्तानुसार टाउँ हेरी पंखा (सीलिंग फयान नलगाउने), हिटर

(ज) अपांगता मैत्री भवन (चर्पी, रयाम्प, व्हील चियर र स्ट्रेचर)

**१९. आवास गृहको परिसर:**

आवास गृहको परिसर देहाय बमोजिम हुनेछ;

(क) चाँरतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,

(ख) हाताभित्र आवश्यकता अनुसार केही खुल्ला परिसर रहेको,

(ग) आवागमन नियन्त्रण गर्न सक्ने खालको बलियो प्रवेशद्वार,

(घ) सुरक्षाको दृष्टिले उपयुक्त स्थान।

पदम बहादुर बोहरा
नगर प्रमुख

२०. अभिलेख व्यवस्थापनः

आवास गृहले देहाय बमोजिमको अभिलेख राख्नुपर्नेछः

(क) आवास गृहमा आउने सेवाग्राहीर प्रभावित हरुको विवरण अनुसुची २ को ढाँचामा दर्ता किताव,

(ख) प्रत्येक हिंसा प्रभावितको व्यक्तिगत फाईल।

(ग) संरक्षित व्यक्तिको हाजिरी किताव।

(घ) समन्वय तथा निर्देशन समितिको निर्णय किताव,

(ङ) आवास गृहको आम्दानी र खर्चको यथार्थ विवरण र सो लाई पुष्टी गर्ने कागजात,

(च) स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा लिएको विवरण।

(छ) कार्यालयलाई अनुसूची-३ बमोजिमको ढाँचामा त्रैमासिक रुपमा प्रगति विवरण पेस गर्नुपर्नेछ ।

(ज) कार्यालयलाई अनुसूचि -४ बमोजिमको ढाँचा चौमासिम रुपमा प्रगति विवरण पेस गर्नुपर्नेछ।

(झ) समितिले तोकेका अन्य विवरण

२१. कार्यविधि संसोधन वा बाधा अड्काउ फुकाउनेः

यो कार्यविधि क्रममा कुनै वाधा आइपरेमा प्रचलित ऐन कानुन बमोजिम कार्यपालिकाको निर्णयबाट बाधा बाधा अडकाउ फुकाउन सकिनेछ।

२२. प्रचलित कानून बमोजिम हुनेः

१. अन्य कानूनसँग नबाझिने गरी यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२. अन्य आवश्यक कार्यविधि तथा निर्देशीका समन्वय तथा निर्देशक समितिको स्वीकृतिमा अल्पकालिन महिला सुरक्षित आवास गृह रहेको पालिकाको कार्यपालिकाले स्वीकृत गर्न सक्नेछ ।

पदम बहादुर
नगर प्रमुख

२३. कार्यविधिको स्वीकृति:

यस कार्यविधिलाई तत् तत्  पालिकाको कार्यपालिकाको सैद्धान्तिक सहमतीमाबाट अल्पकालिन सुरक्षित आवास गृह रहेको पालिकाको कार्यपालिकाबाट स्वीकृत गरि लागु हुनेछ ।

२४. खारेजी र बचाउ:

मङ्गलसेन नगरपालिकाको अल्पकालिन महिला सुरक्षित महिला आवास गृह सञ्चालन कार्यविधि, २०८१ खारेज गरिएको छ । यस अघि अल्पकालिन महिला सुरक्षित महिला आवास गृहबाट भएका काम कारवाही यस  कार्विधि बमोजिम भए गरेको मानिने छ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

## अनुसूचि -१

(दफा १० को खण्ड (क) सँग सम्वन्धित)

पिडितले पेश गर्ने निवेदनको ढाँचा

श्री संयोजक ज्यू,
अल्पकालिन महिला सुरक्षित आवास गृह,
मंगलसेन, अछाम ।

प्रस्तुत विषयमा म हिंसाको जोखिममा/पिडित/प्रभावित भएकोले सहयोगका लागि यो निवेदन पेश गर्दछु।

पिडतको नामः
उमेर
ठेगानाः
सम्पर्क नम्वरः
हिंसाको किसिमः
हिंसा भएको मितिः
पिडकको नामः
पिडक संगको नाता सम्वन्धः
चाहेको आवस्यक सेवाः
पिडित संग अन्य व्यक्ति पनि प्रभावित भएका भए संख्याः
यदि १ पटक भन्दा वढी पटक हिंसा भएको भए कति पटकः
पिडकको ठेगाना/सम्पर्क नम्वरः
अन्य केहि भए उल्लेख गर्नेः
हस्ताक्षरः

पदम बहादुर बोहरा
नगर प्रमुख

## अनुसूची २
(दफा १९ को खण्ड (क) संग सम्बन्धित)

दर्ता किताबको ढाँचा:

| क.सं. | आएको मिति | पीडितको नाम | पीडितको उमेर | पीडकको नाम | पीडकको उमेर | पीडक संगको नाता/सम्बन्ध | हिंसा/घटना को प्रकार | समस्याको विवरण | प्रदान गरिएको सेवा, सहयोग | सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

पदम बहादुर बोहरा
नगर प्रमुख

# अनुसूची -३

(दफा १९ को खण्ड (छ) सँग सम्वन्धित)

सेवाग्राहीको विवरण किताबको ढाँचा

अल्पकालिन महिला सुरक्षित आवास गृह

हिंसा जोखिम/पिडित/प्रभावित सेवाग्राहीहरुको विवरण

सि.नं.

सेवा केन्द्रमा आएको मितिः

प्रभावितको नाम थरः

उमेरः

लिङ्गः

ठेगानाः

हिंसाको किसिम, प्रकृतीः शारिरिक, मानसिक, योन जन्य

हिंसा/घटनाको विवरणः

घटना घटेको मितिः

समयः

स्थानः

पिडकको नामथरः

पीडकको प्रभावित महिला संगको नाता/सम्वन्धः

यस अघी अन्य निकायबाट भएको सहयोग, काम, कारबाहीः

निकायः

सहयोगः

आवासगृहबाट उपलव्ध सेवाको विवरणः

आश्रय लिएको मितिः ........................ देखि ........................ सम्म

सहयोगी निकायः

अन्यन्त्र सिफारिस गर्नु परेमा

सिफारिस गरेको निकायः

प्राप्त सेवाः

परिणामः

अन्य केही भएः

पदम बहादुर बोहरा

## अनुसूचि -४

(दफा १९ को खण्ड (ज) सँग सम्वन्धित)

**प्रगति विवरणको ढाँचा**

आर्थिक वर्ष:

| सि.नं. | हिंसाको किसिम | संख्या | गत आ.व. सम्मको संख्या | स्वास्थ्य उपचार प्राप्त गर्ने प्रभावितहरुको कुल संख्या | कानुनी सहायता प्राप्त गर्नेहरु मध्ये अदालतमा मुद्दा दायर गरिएका प्रभावितहरुको संख्या | सीप तालिम प्राप्त गर्ने प्रभावितहरु को कुल संख्या | मनोसामाजिक सेवा प्राप्त गर्ने | परिवार बाहेक समाजमा पुन:स्थापना भएका प्रभावितहरुको कुल संख्या | हाल पुन:स्थापना केन्द्रमा रहेका प्रभावितहरु को कुल संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.घरेलु हिंसा: कुटपिट, गालीबेईज्जती, घरनिकाला<br>२.यौन शोषण: बलात्कार, यौन दुर्व्यवहार<br>३.बहुबिवाह<br>४.बालबिवाह<br>५.आत्महत्या<br>६.अन्य | | | | | | | | | |

२०८१/०४/०९
पदम बहादुर बोहरा
नगर प्रमुख